# सूर्यविनायक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## कटुन्जे, भक्तपुर
## ३ नं. प्रदेश, नेपाल

पत्र संख्या ०७४।०७५
चलानी नं. ९६९६

मिति : २०७४।१०।०९

**विषय:- अभिलेखिकरणको लागि दरखास्त पेश गर्ने बारे ।**

उपरोक्त विषयमा मिति २०७४/०९/१२ गते बसेको नगर कार्यपालिकाको बैठकले स्वीकृत गरेको **भवन निर्माण मापदण्ड, भवन इजाजत तथा घर नक्शा पास कार्यबिधी २०७४** अनुसार नक्शा पास लागू भएका यस नगरपालिकाको क्षेत्रभित्र परेका साविकका गाँउ विकास समिति र नगरपालिकाबाट नक्शा पास नगरी बनाएका घर, स्विकृती लिई निर्माण गरेका घर र नगरपालिकामा दर्ता प्रक्रियामा नआई मिति २०७४ साल मंशिर मसान्त सम्म निर्माण भैसकेका घरहरु मिति २०७४/१०/१० गतेबाट लागू हुनेगरि ३५(पैंतिस) दिन भित्र अभिलेखिकरण गर्ने तथा नक्शा पास र निर्माण सम्पन्न प्रमाण-पत्र दिने प्रयोजनको लागि सम्बन्धित वडा कार्यालयमा तपशिलका आवश्यक कागजात सहित दरखास्त पेश गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उक्त अबधि भित्र दर्ता हुन नआएका घरहरुलाई पुनः अभिलेखिकरणको सुबिधा प्रदान गर्न यस कार्यालय बाध्य नहुने समेत सूचित गरिन्छ ।

तपशिल :

१. जग्गा धनी प्रमाण पत्र (लालपूर्जा) को प्रमाणित प्रतिलिपी

२. चालु आर्थिक बर्षको मालपोत तिरेको रसिदको प्रतिलिपी

३. नागरिकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी

४. कित्ता नं. स्पष्ट भएको नापी नक्शा (ब्लु प्रिन्ट)को सक्कल

५. कित्ता नं. स्पष्ट भएको नापी नक्शा (ब्लु प्रिन्ट)को प्रतिलिपी

६. अभिलेखिकरण गरिने घर नक्शा (डिजाईनर र नक्शावालाको हस्ताक्षर भएको) - ३ सेट

७. उक्त भवन Structurally safe रहेको तथा राष्ट्रिय भवन संहिता अनुसार बनेको छ भनि डिजाइनरले सिफारिश गरेको सिफारिश पत्र

८. नक्शा को Soft copy CD

९. डिजाईनरको ईजाजत पत्रको नविकरण सहितको प्रतिलिपी (सरोकारवालाबाट प्रमाणित) वा नेपाल ईन्जिनियरीङ्ग काउन्सिलको प्रमाण पत्रको प्रतिलिपी

१०. जग्गा वा घर धनी मोही भएमा जग्गा धनी वा गुठीको स्वीकृति पत्र

११. सम्बन्धित वडा कार्यालयको प्राबिधिकले स्थलगत निरीक्षण गरेको प्रतिवेदन

१२. उक्त घरले तत्कालिन मापदण्डहरु पुरा गरेको, सार्वजनिक, पर्ति, ऐलानी जग्गा, राजकुलो आदिलाई नमिचेको तथा सन्धी सर्पन पीर मर्का नपारेको भनि सम्बन्धित वडा कार्यालयको सिफारिश पत्र

१३. हाल सम्म यस नगरपालिकालाई तिर्न, बुझाउनु पर्ने कर,शुल्क, जरीवाना तथा दस्तुर दाखिला गरेको निस्सा(Tax Clearance Certificate) ।

........................

२०७४।१०।९

चिरञ्जिवी तिम्सिना
प्रमुख प्रशासकिय अधिकृत